



## डा. कृष्ण राज पन्त

**उम्मेदवार, प्रतिनिधि सभा**

**निर्वाचन क्षेत्र न. १, चितवन**

# प्रतिबद्धता-पत्र

# यसकारण मेरो उम्मेदवारी



**डा. कृष्ण राज पन्त**
उम्मेदवार, प्रतिनिधि सभा
निर्वाचन क्षेत्र नं. १, चितवन

**आदरणीय आमाबुबा, दाजुभाई, दिदीबहिनीहरु,**
**हार्दिक नमस्कार !**
म पूर्वी चितवनको माटोको सुगन्ध सुँघ्दै हुर्केको हजुरहरूकै दाजु, भाइ, छोरा ऐतिहासिक नवयुवा (जेंजी) पुस्ताको विद्रोहले सृजना गरेको नयाँ परिस्थितिमा यही फाल्गुण २१ गते हुन गईरहेको प्रतिनिधि सभाको निर्वाचनमा प्रत्यक्ष तर्फ नेपाली कम्युनिष्ट पार्टीको तर्फबाट चुनाव चिन्ह **"तारा"** लिएर उम्मेदवार भएको छु ।

अहिले मुलुकमा एकातर्फ ऐतिहासिक जनआन्दोलनहरू, जनयुद्ध र नवयुवा (जेंजी) आन्दोलनका राजनैतिक उपलब्धिहरूलाई संरक्षण र संस्थागत गर्नु आवश्यक छ भने अर्कोतर्फ आर्थिक सामाजिक रूपान्तरण मार्फत् **न्याय, सुशासन र रोजगारी सहितको विकसित र समृद्ध नेपाल**को निर्माण गर्नुपर्नेछ । आफ्नो योग्यता, दक्षता र क्षमता, लामो समय राजनैतिक सामाजिक अभियानमा आफूले खेलेको सक्रिय भूमिकाको अनुभव, नीति तथा योजना आयोगको उपाध्यक्ष र अर्थविद्को रूपमा राष्ट्रिय र स्थानीय नीति निर्माणमा काम गर्दाको अनुभवको प्रयोग सहित उक्त अभिभारालाई पूरा गर्ने अभियानमा योगदान गर्ने सृजनात्मक सोंच र आत्मविश्वासको साथ म तपाईँहरू सामु उभिएको छु ।

मैले यस अपिल मार्फत् मुलुकको नीति निर्माण तथा स्थानीय विकास र समृद्धिका निम्ति गरिएका प्रतिवद्धताहरू तपाईंहरूसंग गरिएका सामाजिक राजनैतिक करारनामा हुन् जसलाई म दृढता र इमान्दारितापूर्वक पालना गर्नेछु । दिगो विकासको सूत्र- "परिश्रम, स्वयंसेवा र सहकार्य" लाई मूल मन्त्रको रूपमा लिंदै आफ्ना प्रतिबद्धता पूरा गर्न तर्फ म लागिपर्नेछु । मलाई पूर्ण विश्वास छ कि आफ्नो योग्यता, क्षमता, लगनशीलता र इमान्दार प्रयास अनि यहाँहरूको साथ सहयोग र सहभागिताका साथ ती बाचाहरू पूरा गर्न म पक्का सफल हुनेछु ।

हजुरहरू सबैको मायाँ, ममता, साथ समर्थन र अमुल्य मतले यो पटक मलाई नीति निर्माणको मुख्य थलो प्रतिनिधि सभामा रहेर समग्र नेपालको समृद्धि र पूर्वी चितवनवासीको सुख समृद्धिको निम्ति नीति निर्माणमा योगदान गर्ने महत्वपूर्ण अवसर प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु । यसर्थ, आसन्न निर्वाचनमा तारा चिन्हमा मतदान गरी मलाई अत्याधिक बहुमतले विजयी गराईदिनु हुन म यहाँहरू सबैमा हार्दिक एवं विनम्र अनुरोध गर्दछु ।

**मेरा प्राथमिकता र प्रतिवद्धताहरु :** राष्ट्रिय नीति निर्माण र स्थानीय विकास र समृद्धिका सन्दर्भमा मेरा प्राथमिकता र पहलकदमीको निम्ति प्रतिबद्धता निम्नानुसार हुनेछन्ः

### राष्ट्रिय नीति निर्माण

**"सुशासन, उत्पादन र रोजगारीः समाजवादको तयारी"**

- राष्ट्रियता र लोकतन्त्रको रक्षा र सम्बर्धनका निम्ति नीति निर्माण गर्ने ।
- किफायती र प्रभावकारी शासन प्रणाली र संरचनाको निम्ति संविधान संशोधनमा पहल र योगदान गर्ने ।
- संघ, प्रदेश र स्थानीय तहको अधिकार र कर्तव्यको थप स्पष्टता र क्षमता अभिवृद्धि सहित संघीयताको सबलीकरणको निम्ति नीति निर्माणमा योगदान गर्ने ।
- पारदर्शी, जवाफदेही र शुन्य सहनशीलता सहितको भ्रष्टाचारमुक्त शासन व्यवस्था र स्वदेशमै रोजगारी सिर्जना सहित मुलुकमा सुशासन र रोजगारी प्रवर्धनको निम्ति प्राभावकारी नीति निर्माणमा योगदान गर्ने ।
- मुलुकको भूगोल सुहाउँदो आर्थिक विकासको खाका र साना तथा मझौला व्यवसायीहरूको प्रवर्धन सहित समाजवाद उन्मुख, आत्मनिर्भर र निर्यातमुखी अर्थतन्त्रको विकासको निम्ति नीति निर्माणमा योगदान गर्ने ।
- सबैखाले सामाजिक विभेद रहित र गरीब तथा पिछडिएका वर्गको उत्थान सहितको समाजवाद उन्मुख सामाजिक व्यवस्थाको निम्ति नीति निर्माण गर्ने ।
- निशुल्क उच्च मा. वि. सम्मको शिक्षा, गुणस्तरीय तथा व्यवहारिक शिक्षा र निशुल्क आधारभूत स्वास्थ्य सेवा तथा नियमन सहितको गुणस्तरीय स्वास्थ्य सेवाको निम्ति नीति निर्माणमा योगदान गर्ने ।

**स्थानीय विकास र समृद्धिः "चितवन क्षेत्र नं. १ को विकास र समृद्धिको निकासः कृषि, पर्यटन, उद्योग र पूर्वाधारको विकास"**

**पूर्वाधार विकास र भूमि व्यवस्था**

- बस्ती बचाउ कार्यक्रमः लोथर, राप्ती, कयर, खगेरी, बुढी राप्ती, मर्ताल, पम्पा खोला लगायतका खोलाहरूको तटबन्धन विस्तार तथा मर्मत सम्भार र पहाडी क्षेत्रमा जैविक प्रविधि सहित पहिरो नियन्त्रणको पहल गर्ने ।

- भण्डारा-मलेखु (चेपांग) मार्ग र पूर्व-पश्चिम राजमार्गको लोथर-टिकौली खण्डको ६ लेन सडकको द्रुत निर्माणको निम्ति पहल, गर्ने । उत्तराखण्ड सडक, सौराहा-कुमरोज-कठार-लोथर-पर्यटकीय मार्गको पूर्णता र मर्मत सम्भार, कालीटार-कान्दा सडकको विस्तार र भित्री सडक संजालहरूको मर्मत सम्भारको निम्ति पहल गर्ने ।
- पूर्वी राप्ति सिंचाई योजनाको दोस्रो चरणको रूपमा पूर्वी चितवनका प्रतापपुर माउकुलो, पडरिया कुलो, मुढाभार कुलो, पिठुवा सिचाई योजना, पन्चकन्या नहर लगायतका सबै सिंचाई प्रणालीहरूको मर्मत सम्भार र सबलीकरणको लागि पहल गर्ने ।
- पहाडी क्षेत्रमा एकीकृत बस्ती निर्माण, भूमिहीन र अव्यवस्थित बसोबासको व्यवस्थापन र जग्गाधनी पूर्जा वितरणको पहल गर्ने ।

**कृषि, वन, उद्योग र पर्यटन**

- पूर्वी चितवनको भूगोल अनुसार पहाडी क्षेत्रमा फलफूल खेति, कफी खेति, बाख्रापालन, मौरीपालन, समथर क्षेत्रमा अन्न खेति, तरकारी खेति, पशुपन्छी पालन र माछापालनको पकेट क्षेत्र निर्धारण र विकासको पहल गर्ने ।
- गुणस्तरीय मल, बीउ र कृषि औजारहरूको सुलभ आपूर्ति, अर्गानिक खेतीको प्रवर्धन र उत्पादनमा आधारित अनुदान प्रणालीको अभ्यासको निम्ति पहल गर्ने ।
- पालिकाहरूसंगको समन्वय र सहकार्यमा स्थानीय कृषि उत्पादनको ब्रान्डीङ्ग, बजार सुनिश्चितता, कोल्ड स्टोरेजको व्यवस्था, न्युनतम समर्थन मूल्य निर्धारणको निम्ति पहल गर्ने ।
- वृहद सौराहा पर्यटन विकास समितिको गठन, पर्यटन सेवाको गुणस्तर वृद्धि र सौराहा, टाँडी, पर्सा/खैरहनी, खुरखुरे र भण्डारा बजारको सौन्दर्यीकरण र शहरीकरण गर्ने । थारू सांस्कृतिक ग्रामको निर्माण र थारू कल्याणकारी कार्यक्रमहरूहरू सञ्चालन गर्न पहल गर्ने ।
- सामुदायिक वन विकास, निकुन्जको संरक्षण र मध्यवर्ती क्षेत्र व्यवस्थापन, मानव-वन्यजन्तु द्वन्द नियन्त्रणको निम्ति कंक्रिट वाल निर्माण कार्यको पूर्णता र वन्यजन्तु पीडितहरूको निम्ति उचित राहत क्षतिपूर्तिको निम्ति पहल गर्ने ।
- स्थानीय कृषिमा आधारित उद्योगहरूको स्थापनाको निम्ति पहल गर्ने ।

**शिक्षा, स्वास्थ्य, खानेपानी, युवा तथा खेलकूद, सामाजिक सुरक्षा र सार्वजनिक सेवा**

- राजनीतिक हस्तक्षेपमुक्त सफा, सुन्दर र प्रविधिमैत्री कलेज र विद्यालय, व्यवहारिक, प्राविधिक, रोजगारमूलक र गुणस्तरीय शिक्षाको निम्ति पहल गर्ने ।
- कृषि क्याम्पस खैरहनीको स्थायित्व, प्राविधिक शिक्षालयको स्थापनाको निम्ति पहल गर्ने ।
- रत्ननगर बकुलहर अस्पताल, खैरहनी अस्पताल, भण्डारा अस्पतालको विशिष्टीकरण तथा स्तरोन्नति र स्वास्थ्य केन्द्रहरूको क्षमता वृद्धि गर्ने ।
- पूर्वी चितवनमा एक क्षेत्रीय रंगशाला र खेलकूद प्रशिक्षण केन्द्र र पालिकास्तरीय बहुउद्देशीय कवर्ड हलको निर्माणको निम्ति पहल गर्ने । सौराहामा अन्तरराष्ट्रिय स्तरको गल्फ कोर्टको स्थापनाको निम्ति पहल गर्ने ।
- महिला, अपांग, दलित, अल्पसंख्यक लगायतका लक्षित वर्गको निम्ति उद्यम विकास तालीम, बीउ पूँजी व्यवस्थासहित स्वरोजगारीको व्यवस्थाको निम्ति पहल गर्ने ।
- जेष्ठ नागरिकहरूको निम्ति सबै पालिकामा सेवा केन्द्र र पार्कको व्यवस्था गराउन पहल गर्ने ।
- पिछडिएका क्षेत्रको विकासको निम्ति वडा समाजवादी कार्यक्रम लागू गराउने ।
- पूर्वी चितवनमा इलाका प्रशासन कार्यालयको शीघ्र स्थापनाको निम्ति पहल गर्ने।

**पारदर्शिता, लगनशिलता र जावफदेहीता- मेरो निरन्तर प्रतिबद्धता**

*हार्दिक अभिवादन सहित !*

**चुनाव चिन्ह**

भवदीय

**डा. कृष्ण राज पन्त**

**उम्मेदवार, प्रतिनिधि सभा**

**निर्वाचन क्षेत्र न. १, चितवन**

**मोवाईल नं. : ९८५१२२६२४२**